नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
छात्रवृत्ति शाखा
केशरमहल

scholarship.moe.gov.np
&
www.moe.gov.np

## त्रिभुवन विश्व विद्यालय वा अन्तर्गतका मेडिकल कलेजहरु र विदेशबाट प्राप्त हुने छात्रवृत्तिमा मनोनयनका लागि योग्यताक्रम कायम गर्ने प्रयोजनका लागि दरखास्त दिने बारेको अत्यन्त जरुरी सूचना

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई त्रिभुवन विश्वविद्यालय तथा अन्तर्गतका मेडिकल कलेजहरुबाट शैक्षिक वर्ष २०७५/७६ का लागि MBBS, BNS, B.Sc. Nursing, B.Pharmacy, B.Sc.MLT, BPH, र BDS विषयमा प्राप्त हुने छात्रवृत्तिमा विद्यार्थी मनोनयन गर्न योग्यताक्रम कायम गर्नुपरेको हुंदा छात्रवृत्ति सम्बन्धी नियमावली (संशोधन सहित), २०६० बमोजिम देहायको योग्यता पूरा गरेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

(१) नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमध्ये पचपन्न प्रतिशत स्थान खुला तर्फ हुनेछ । पैंतालीस प्रतिशत स्थान सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न देहायका समुदाय तथा व्यक्तिलाई आरक्षण गरी सो प्रतिशतलाई शत प्रतिशत कायम गरी देहायको प्रतिशतका आधारमा वितरण गरिनेछः

(क) आर्थिक वा सामाजिक रुपमा विपन्नका लागि पच्चीस प्रतिशत मध्ये,

१. मधेशी समुदायका लागि बीस प्रतिशत

१क. मधेशी समुदायका लागि आरक्षित बीस प्रतिशत मध्ये मधेशी दलित समुदायलाई तीन प्रतिशत

२. मुस्लिम समुदायका लागि दुई प्रतिशत

३. शहीद तथा बेपत्ता पारिएका व्यक्तिको परिवार तथा घाईते वा निजको सन्ततीका लागि तीन प्रतिशत

(ख) महिलाका लागि तेत्तीस प्रतिशत मध्ये,

१. दलित महिलाका लागि तीन प्रतिशत

२. मुस्लिम महिलाका लागि दुई प्रतिशत

(ग) अपाङ्गका लागि दुई प्रतिशत,

(घ) जनजातिका लागि सत्ताइस प्रतिशत

(ङ) दलितका लागि नौ प्रतिशत,

(च) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिका लागि चार प्रतिशत ।

(२) **दरखास्तका लागि तोकिएको न्यूनतम् योग्यताः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा जुन विषयका लागि योग्यताक्रम कायमका लागि दरखास्त दिन चाहेको हो सोही विषयको त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्जले MBBS, BNS, BSc Nursing, B.Pharmacy, B.Sc.MLT, B.Sc. MIT, BPH, र BDS तर्फ मिति २०७५।६।६,७ र ८ मा संचालन गरेको प्रवेश परीक्षामा न्यूनतम् पचास प्रतिसत अंक ल्याई उत्तीर्ण गरेको हुनुपर्ने छ । आरक्षण तर्फ दरखास्त गर्नेले सो सम्बन्धी कागजात अनिवार्य रुपमा अपलोड गर्नुपर्ने छ ।

(३) **दरखास्तको म्याद तथा माध्यम सम्बन्धी व्यवस्थाः मिति २०७५।६।१८ गतेदेखि मिति २०७५।६।२६ सम्म** मन्त्रालयको वेवसाइट **scholarship.moe.gov.np** वा **www.moe.gov.np** मा अनलाइन मार्फत दरखास्त पेश गर्नुपर्ने छ ।

(४) योग्यताक्रम कायम गर्दा छात्रवृत्ति सम्बन्धी नियमावली (संशोधन सहित), २०६० को नियम १४ को उपनियम (१) बमोजिम लिएको परीक्षाको प्राप्ताङ्कलाई आधार लिई योग्यताक्रम कायम गरिने छ ।

(५) **राजश्व सम्बन्धी व्यबस्थाः** MOE Online Registration Number प्राप्त गरेका आवेदकहरुले राजश्व वापतको रकम रू. १०००।– (एक हजार) राष्ट्रिय बाणिज्य बैक ठमेल शाखा वा छात्रबृत्ति शाखा, केशरमहलको परिसरमा रहेको बैंक काउण्टरमा दाखिला गरी सोको सक्कलै भौचर दरखास्त दर्ता प्रमाणको निस्सा लिन तोकिएको मितिमा छात्रबृत्ति शाखामा बुझाउनु पर्नेछ ।

(६) **दरखास्त दर्ता प्रमाणको निस्सा लिन आउदा अनिबार्य रुपमा पेश गर्नु पर्ने कागजातहरुः** उम्मेदवार आफैं उपस्थित भई राजश्व बुझाएको सक्कलै भौचर, MOE Online Registration Confirmation Page, नागरिकताको प्रमाणपत्र, त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्जको प्रवेश परीक्षाको प्रवेश पत्र तथा तोकिए बमोजिमका देहायका कागजातको सक्कल तथा फोटोकपी सिलसिलेवार रुपमा फायलमा राखी फायल बाहिर त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्जको रोल नं., विषय, MOE Online Registration Number, आफ्नो नामथर उल्लेख गरी छात्रवृत्ति शाखा, केशरमहलमा बुझाउनु पर्नेछ ।

**(क)साधारण समूह(General Group)ः** यस समूहमा आवेदन गर्ने उम्मेदवारले देहाय अनुसारका कागजातहरुको सक्कल प्रति सहितको फोटोकपी पेश गर्नु पर्नेछः

(१) दरखास्त पेश गर्न चाहेको विषय अध्ययनका लागि त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्जले तोके बमोजिमको 10+2 वा सो सरह उतिर्ण गरेको शैक्षिक योग्यताको Transcript, Original/Provisional Certificate को प्रतिलिपी, नेपाल बाहिरको बोर्ड भए सम्बन्धित बोर्डबाट जारी गरिएको मार्क्सिटका साथ Pass Certificate/degree awarded certificate/Provisional certificate/Migration Certificate र समकक्षता निर्धारण भएको प्रमाणपत्रको प्रतिलिपी,

(२) SLC को Mark sheet र Original Certificate को प्रतिलिपी,

(३) नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रमा नाम, थर, जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र ।

**(ख)समुदायिक विद्यालय तर्फको आरक्षण समूह (Community School Group)ः** यस समूहमा आवेदन गरेका उम्मेदवारले माथि साधारण समूह(General Group) का लागि तोकिएको कागजातका साथै निम्न कागजातहरु समेतको सक्कल प्रति सहितको फोटोकपी पेश गर्नु पर्नेछ ।

(१) एस एल सी उत्तिर्ण गरेको विद्यालय सामुदायीक (सरकारी) हो भनी सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाई वा स्थानीइ तहले प्रदान गरेको सिफारिस पत्र,

(२) सम्बन्धित गाउँ पालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाले विपन्नताको कारण खुलाई छात्रबृत्ति सम्बन्धि नियमावली २०६० को अनुसूचि १ (ख) अनुरुपको ढाँचामा मिति २०७५ असोज १८ गते पछि २०७५ असोज २६ सम्ममा जारी गरेको विपन्नताको सिफारिस पत्र,

(३) आफू सम्बन्धित समूदायको व्यक्ति भएको प्रमाणित हुने गरी देहायको निकायको सिफारिस पत्रः

- **मधेशी** ः मधेशी समुदायको व्यक्ति भएको व्यहोरा उल्लेख भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र,
- **मधेशी दलितः** मधेशी दलित समुदायको व्यक्ति भएको व्यहोरा उल्लेख भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा राष्ट्रिय दलित आयोगको पत्र र मधेशी समुदायको व्यक्ति भएको व्यहोरा उल्लेख भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र (राष्ट्रिय दलित आयोगबाट सूचिकृत जाति मात्र),
- **मुस्लिमः** मुस्लिम समुदायको व्यक्ति भएको व्यहोरा उल्लेख भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र,
- **शहिद तथा वेपत्ता पारिएका व्यक्तिको परिवार तथा घाईते वा निजको सन्ततीः** गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र वा परिचय पत्र र नाता प्रमाणित पत्र,
- **महिलाः** सम्बन्धित गा.पा.वा म./उप/न.पा.बाट दिइएको विपन्नताको सिफारिस पत्र र सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट दिइएको सामुदायिक (सरकारी) विद्यालय सम्बन्धी पत्र,
- **दलित महिलाः** दलितसमुदायको महिला भएको व्यहोरा उल्लेख भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा राष्ट्रिय दलित आयोगको पत्र (राष्ट्रिय दलित आयोगबाट सूचिकृत जाति मात्र),

- ❖ **मुस्लिम महिलाः** मुस्लिम समुदायको महिला भएको व्यहोरा उल्लेख भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र,
- ❖ **अपाङ्गः** राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा अपाङ्ग परिचय पत्रका साथै दर्तावाल चिकित्सकबाट निज चिकित्सा विषय अध्ययन गर्न सक्षम छ, भनी लेखिएको सिफारिस पत्र,
- ❖ **जनजातिः** आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा जनजाति परिचय पत्र (आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट सूचिकृत जाति मात्र ),
- ❖ **दलितः** सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा राष्ट्रिय दलित आयोगको पत्र वा दलित परिचय पत्र (राष्ट्रिय दलित आयोगबाट सूचिकृत जाति मात्र),
- ❖ **पिछडिएको दुर्गम क्षेत्रको व्यक्तिः** सम्बन्धित गाउँ पालिका वा नगरपालिकाबाट निज दरखास्त दिंदाको बखतसम्म सोही स्थानमा स्थायी बसोबास गरेको भनी प्रमाणित गरेको पत्र (अछाम, बाजुरा, बझाङ, जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालिकोट र जाजरकोट )

**(ग)अन्य विद्यालय तर्फको आरक्षण समूह(Other School Group)ः** यस समूहमा दरखास्त पेश गर्ने उम्मेदवारहरुले माथि साधारण समूह (General Group)का लागि तोकिएको कागजातहरुका साथै आफू सम्बन्धित समूदायको व्यक्ति भएको प्रमाणित हुने गरी माथि बुंदा नं ६ (ख) को ३ अनुसारको सिफारिस पत्रको सक्कल तथा फोटोकपी पेश गर्नु पर्नेछ ।

नोट १ः आरक्षण समूहका लागि पेश गर्नु पर्ने कागजातहरु पेश नगरेमा वा अनलाइन फाराममा अपलोड नगरेमा निजको आवेदन आरक्षण समूह तर्फ अस्विकृत भइ साधारण समूह तर्फ कायम हुनेछ । साथै आरक्षण तर्फ आवेदन दिई दरखास्त स्वीकृत भएका सबै उम्मेदवारहरुलाई स्वतः साधारण समूहको सूचीमा समेत समाबेश गरिनेछ ।

नोट २ः माथि उल्लेख गरिएका कागजातहरु अनिबार्य रुपमा Online applicationगर्दा अपलोड गरिएको हुनु पर्नेछ र यस शाखामा बुझाइ दरखास्त दर्ता प्रमाणको निस्सा लिनु पर्ने छ । माग गरिएका तथा तोकिएका कागजातहरु दूरुस्त नपाइएमा कुनै पनि शर्तमा दरखास्त स्विकृत गरिने छैन ।

(७) दरखास्त दर्ता प्रमाणको निस्सा वितरण तथा बुंदा नं ६ अनुसारका सक्कल सहितका कागजात पेश गर्ने समय तालिकाः

२०७५ आश्विन २४ गतेः Online Registration Number 3297 to 3496

२०७५ आश्विन २५ गतेः Online Registration Number 3497 to 3696

२०७५ आश्विन २६ गतेः Online Registration Number 3697 to 3896

२०७५ आश्विन २८ गतेः Online Registration Number 3897 to 4096

२०७५ आश्विन २९ गतेः Online Registration Number 4097 to 4296

**२०७५ कार्तिक ४ गते देखि ९ गतेः सम्म बाँकी सबै**

(८) त्रिभुवन विश्व विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन स्रस्थान महाराजगञ्जले सञ्चालन गरेको प्रवेश परीक्षामा कम्तिमा ५० प्रतिशत अंक प्राप्त गर्ने उम्मेदवारहरुले यस सूचना बमोजिम दरखास्त पेश गरेका मध्येबाट उक्त प्रवेश परीक्षाको लिखित प्राप्ताङ्कका आधारमा नियमानुसार शिक्षा मन्त्रालयको साधारण तथा आरक्षण समूह तर्फ योग्यताक्रम कायम गरिनेछ । यसरी योग्यताक्रम कायम गर्दा प्राप्ताङ्क बराबर भएमा देहाय बमोजिमको आधारमा योग्यताक्रम कायम गरिनेछः

(क) छात्रबृत्ति सम्बन्धी नियमावली २०६० (संसोधन समेत) को नियम १६(४) बमोजिमको न्युनतम योग्यताको प्राप्ताङ्क प्रतिशत

(ख) माथि उल्लेखित क बमोजिमको अंक समेत बराबर भएमा त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्जको योग्यताक्रमलाई आधार लिइनेछ ।

(९) मन्त्रालयले नियमानुसार कायम गरेको योग्यताक्रमको संक्षिप्त सूचना गोरखापत्रमा र विस्तृत सूचना मन्त्रालयको वेभसाइटमा प्रकासन गरिने छ ।

(१०) योग्यताक्रम सूची प्रकाशन पश्चात मात्र छात्रबृत्ति मनोनयनका लागि शिक्षण संस्थागतरुपमा प्राथमिकताक्रम भर्ने सूचना पछि प्रकाशन गरिनेछ ।

*नोटः- अनलाइन आवेदन दिएका उम्मेदवारहरुले सूचनामा कागजात पेश गर्न तोकिएको अन्तिम मितिका दिन भित्र राजश्व तिरेको भौचर र कागजात पेश गरी दर्ता निस्सा नलिएका आवेदकहरुको फर्म अस्वीकृत भई योग्यताक्रम सूचीमा रहनेछैन।*